# संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२

**प्रस्तावना:** संघ, प्रदेश र स्थानीय तहको संगठन संरचना तथा दरबन्दी सिर्जना र पुनरावलोकनको कार्य कार्यप्रकृति, कार्यबोझ र औचित्यका आधारमा वस्तुपरक बनाउन र संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधार तथा प्रक्रियामा तीनवटै तहका सरकारबीच एकरुपता कायम गर्न राष्ट्रिय मापदण्ड निर्धारण गर्नु वाञ्छनीय भएकोले, नेपाल सरकारले यो मापदण्ड जारी गरेको छ।

## परिच्छेद-एक
## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ:** (१) यस मापदण्डको नाम "संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२" रहेको छ।

(२) यो मापदण्ड तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा;

(क) "ऐन" भन्नाले निजामती सेवा ऐन, २०४९ सम्झनुपर्छ।

(ख) "किताबखाना" भन्नाले राष्ट्रिय किताबखानालाई सम्झनुपर्छ। यस शब्दले प्रदेश किताबखाना समेतलाई जनाउनेछ।

(ग) "निकाय" भन्नाले अदालत, संवैधानिक निकाय तथा नेपाल सरकार र प्रदेश सरकारका मन्त्रालय, आयोग, सचिवालयलाई सम्झनुपर्छ। यस शब्दले गाउँकार्यपालिका तथा नगरकार्यपालिकाको कार्यालय समेतलाई जनाउनेछ।

(घ) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश सरकारको मन्त्रालयलाई सम्झनुपर्छ। सो शब्दले प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई जनाउनेछ।

(ङ) "मन्त्रालय" भन्नाले संगठन तथा व्यवस्थापन सर्वेक्षणको जिम्मेवारी तोकिएको संघीय मन्त्रालयलाई सम्झनुपर्छ।

(च) "सभा" भन्नाले गाउँसभा तथा नगरसभालाई सम्झनुपर्छ।

(छ) "सर्वेक्षण" भन्नाले संगठन तथा व्यवस्थापन सर्वेक्षणलाई सम्झनुपर्छ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

चन्द्रकला पौडेल
सचिव

(ज) "स्थानीय तह" भन्नाले गाउँपालिका र नगरपालिकालाई सम्झनुपर्छ। "नगरपालिका" शब्दले उपमहानगरपालिका र महानगरपालिका समेतलाई जनाउनेछ।

## परिच्छेद-दुई
## संगठन तथा व्यवस्थापन सर्वेक्षणको प्रक्रिया

३. सर्वेक्षण गर्नुपर्ने: (१) सर्वेक्षण नगरी संघ, प्रदेश र स्थानीय तहमा कुनै पनि संगठनको स्थापना र दरबन्दी सिर्जना तथा पुनरावलोकन गरिनेछैन।

(२) उपदफा (१) बमोजिम सर्वेक्षण गर्दा सेवा समूहका बीचमा दरबन्दी अनुपात र कर्मचारीको वृत्ति विकासमा सम्भव भएसम्म एकरूपता कायम हुने गरी अनुसूची १ को ढाँचा बमोजिमको कार्यबोझ तथा कार्यसम्पादन विश्लेषणका आधारमा गर्नुपर्नेछ।

४. सङ्क्षिप्त सर्वेक्षण गर्न सकिने: (१) सम्बन्धित निकायले देहायको अवस्थामा संघमा नेपाल सरकार, मन्त्रिपरिषद्को, प्रदेशमा प्रदेश मन्त्रिपरिषद्को र स्थानीय तहमा सम्बन्धित कार्यपालिकाको स्वीकृति लिई सङ्क्षिप्त सर्वेक्षण गर्न सक्नेछ:

(क) दरबन्दी थप नहुने अवस्थामा,
(ख) मौजुदा संगठनमा शाखा/फाँट हेरफेर गरी केही दरबन्दी मिलाउनु परेमा,
(ग) संगठन संरचना यथावत राखी दरबन्दी कटौती गर्नु परेमा,
(घ) संगठनको कार्यप्रणाली र व्यवस्थापनमा सामान्य सुधार गर्नु परेमा,
(ङ) संगठनको कार्यजिम्मेवारीमा हेरफेर वा परिवर्तन भएमा,
(च) कुनै संगठन संरचना वा दरबन्दी खारेज गर्नु परेमा।

(२) उपदफा (१) बमोजिम गरिएको सङ्क्षिप्त सर्वेक्षण संघमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट, प्रदेशमा प्रदेश मन्त्रिपरिषद्बाट र स्थानीय तहमा सम्बन्धित सभाबाट स्वीकृत गराई लागु गर्नुपर्नेछ।

चन्द्रकला पौडेल
सचिव

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

५. **पूर्वस्वीकृति लिनुपर्ने:** (१) नेपाल सरकारका निकायले सर्वेक्षण गर्नु पूर्व नेपाल सरकार, मन्त्रिपरिषद्को पूर्वस्वीकृति लिनुपर्नेछ।

(२) प्रदेश सरकारका निकायले सर्वेक्षण गर्नु पूर्व सम्बन्धित प्रदेश सरकारको मन्त्रिपरिषद्को पूर्वस्वीकृति लिनुपर्नेछ।

(३) स्थानीय तहले सर्वेक्षण गर्नु पूर्व सम्बन्धित कार्यापालिकाको पूर्वस्वीकृति लिनुपर्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिम पूर्वस्वीकृति लिई सर्वेक्षण कार्य पूरा नहुँदै सम्बन्धित तहको कार्यपालिका परिवर्तन भएमा सर्वेक्षणका लागि पुनः पूर्वस्वीकृति लिनुपर्नेछ।

६. **कार्य जिम्मेवारी:** (१) संघीय मन्त्रालयहरूको कार्यजिम्मेवारी नेपाल सरकारको प्रचलित कार्यविभाजन नियमावली बमोजिम हुनेछ।

(२) प्रदेश सरकारका मन्त्रालयहरूको कार्यजिम्मेवारी प्रदेशको प्रचलित कार्यविभाजन नियमावली बमोजिम हुनेछ।

(३) स्थानीय तहको कार्यजिम्मेवारी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख भए बमोजिम हुनेछ।

(४) कार्यक्षेत्रका सम्बन्धमा अन्य कानूनमा स्पष्ट नभएको विषयमा नेपाल सरकारबाट स्वीकृत कार्यविस्तृतीकरण प्रतिवेदन बमोजिम हुनेछ।

७. **सर्वेक्षण समितिको गठन:** (१) सर्वेक्षणको पूर्व स्वीकृतिपछि सम्बन्धित निकायले देहाय बमोजिमको सर्वेक्षण समिति गठन गर्नुपर्नेछः

**अ. संघमाः**

| | |
|---|---|
| (क) सहसचिव, कर्मचारी प्रशासन महाशाखा, सम्बन्धित निकाय | संयोजक |
| (ख) शाखा प्रमुख, संगठन विकास शाखा, मन्त्रालय | सदस्य |
| (ग) उपसचिव, अर्थ मन्त्रालय | सदस्य |
| (घ) शाखा प्रमुख, कर्मचारी प्रशासन शाखा, सम्बन्धित निकाय | सदस्य सचिव |



नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

चन्द्रकला पौडेल
सचिव

**आ. प्रदेशमाः**

| | |
|---|---|
| (क) सचिव, सम्बन्धित निकाय | संयोजक |
| (ख) प्रतिनिधि (नवौं/दशौं तह), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय | सदस्य |
| (ग) प्रतिनिधि (नवौं/दशौं तह), आर्थिक मामिला हेर्ने मन्त्रालय | सदस्य |
| (घ) महाशाखा प्रमुख, कर्मचारी प्रशासन महाशाखा, सम्बन्धित निकाय | सदस्य सचिव |

**इ. स्थानीय तहमाः**

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित स्थानीय तह | संयोजक |
| (ख) शाखा प्रमुख, आर्थिक प्रशासन शाखा | सदस्य |
| (ग) शाखा प्रमुख, कर्मचारी प्रशासन शाखा | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमका समितिले सर्वेक्षणको क्रममा आवश्यकता अनुसार विषय क्षेत्रसँग सम्बन्धित जिम्मेवार कर्मचारी तथा विषय विज्ञ समेतलाई आमन्त्रण गर्न सक्नेछन्।

८. <u>सर्वेक्षण समितिको काम, कर्तव्य र अधिकारः</u> (१) सर्वेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) दफा १० को उपदफा (१) बमोजिमका आधारहरुको अध्ययन तथा विश्लेषण गरी संगठन संरचना तथा दरबन्दी सिर्जना वा परिवर्तनको आवश्यकता र औचित्य पहिचान गर्ने,

(ख) संगठन संरचना तथा दरबन्दी सिर्जना वा परिवर्तन गर्नुपर्ने भए सोही अनुरुप महाशाखा, शाखा, फाँट, इकाइ आदि सहितको संगठनको ढाँचा र दरबन्दी निर्धारण गर्ने,

(ग) संगठन र सो अन्तर्गत रहने प्रत्येक महाशाखा, शाखा, फाँट, इकाइ र पदको छुट्टाछुट्टै कार्यविवरण तयार गर्ने,

(घ) हरेक पदको कार्यविवरणसँगै वस्तुगत एवं मापनयोग्य कार्यसम्पादन सूचक तयार गर्ने,

चन्द्रकला पौडेल
सचिव

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ङ) नयाँ संगठन संरचना र दरबन्दी थप गर्नुपर्दा सोबाट सिर्जना हुने वित्तीय दायित्त्व व्यवस्थापनका लागि सम्बन्धित तहको सरकारको आन्तरिक आयस्रोतको अवस्था र दिगोपनाको विश्लेषण गर्ने,

(च) अनुसूची ४ बमोजिमको ढाँचामा सर्वेक्षण प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्ने।

(२) समितिले सर्वेक्षणको कार्य आफैंले सम्पादन गर्नुपर्नेछ। यसका लागि आवश्यकता अनुसार उपसमिति गठन गरी कार्य गराउन सकिनेछ।

तर यस व्यवस्थाले समिति वा उपसमिति स्वयंले सर्वेक्षणको सम्पूर्ण कार्य सम्पादन गर्न सम्भव नहुने अवस्था रहेमा सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतको स्वीकृति लिई सर्वेक्षण कार्यका लागि विषय विज्ञको परामर्श सेवा लिन बाधा पर्नेछैन।

९. <u>सर्वेक्षणको प्रक्रिया:</u> (१) सर्वेक्षण गर्न सम्बन्धित निकायले दफा ५ बमोजिमको पूर्वस्वीकृति लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सर्वेक्षणको पूर्वस्वीकृति प्राप्त भएपछि दफा ७ बमोजिमको समिति गठन गरी सर्वेक्षणको कार्य सम्पन्न गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम सर्वेक्षणको कार्य सम्पन्न भएपछि प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्नेछ।

(४) सर्वेक्षण प्रतिवेदन बमोजिमको संगठन संरचना तथा दरबन्दी तेरिज स्वीकृतिका लागि पेश गर्नुपूर्व नेपाल सरकारको हकमा अर्थ मन्त्रालय, प्रदेशको हकमा सम्बन्धित प्रदेशको आर्थिक मामिला हेर्ने मन्त्रालय र स्थानीय तहको हकमा कार्यापालिकाको सहमति लिनुपर्नेछ।

(५) सर्वेक्षण प्रतिवेदन बमोजिमको संगठन संरचना तथा दरबन्दी तेरिज स्वीकृतिका लागि नेपाल सरकारका निकायको हकमा मन्त्रालयमार्फत नेपाल सरकार मन्त्रिपरिषद्मा, प्रदेशको हकमा सम्बन्धित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत प्रदेश मन्त्रिपरिषद्मा तथा स्थानीय तहको हकमा कार्यापालिकामार्फत सभामा स्वीकृतिको लागि पेश गर्नुपर्नेछ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

चन्द्रकला पौडेल
सचिव

(६) उपदफा (५) बमोजिम पेश भएको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्दा आवश्यकता तथा औचित्य र वित्तीय लागतका दृष्टिले उपयुक्त रहे नरहेको यकिन गरी गर्नुपर्नेछ।

(७) स्वीकृत संरचना र दरबन्दी संघ र प्रदेशको हकमा प्रस्ताव पेश गर्ने निकायले कार्यान्वयन तथा अभिलेखीकरणका लागि सम्बन्धित निकायमा पठाउनुपर्नेछ।

(८) स्वीकृत संगठन संरचना तथा दरबन्दी तेरिज अनुसारको संगठन र पद दर्ताका लागि संघमा राष्ट्रिय किताबखाना, प्रदेशमा सम्बन्धित प्रदेश किताबखाना र स्थानीय तहले सम्बन्धित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्रदेश किताबखानामा पठाउनु पर्नेछ।

(९) किताबखानाले प्रक्रिया पूरा गरी प्राप्त भएका संगठन संरचना तथा दरबन्दी तेरिज अनुसारको संगठन र पद दर्ता तथा अद्यावधिक गरी मन्त्रालय र सम्बन्धित प्रदेश तथा स्थानीय तहमा सोको जानकारी गराउनु पर्नेछ।

(१०) स्वीकृत संगठन संरचना तथा दरबन्दी किताबखानामा दर्ता भएपछि मात्र कार्यान्वयनमा आउनेछ।

## परिच्छेद-तीन
## संगठन संरचना र दरबन्दी सिर्जना तथा पूनरावलोकनका आधारहरू

१०. <u>संगठन संरचना तथा दरबन्दी सिर्जनाका आधार:</u> (१) सम्बन्धित निकायले सर्वेक्षणद्वारा संगठन संरचना तथा दरबन्दी सिर्जना वा थपघट गर्दा देहायका आधारहरूको विश्लेषणबाट आवश्यकता र औचित्य पुष्टि भएको अवस्थामा मात्र गर्नुपर्नेछ:

(क) नेपालको संविधानको अनुसूचीमा उल्लिखित संघ, प्रदेश र स्थानीय तहका एकल तथा साझा अधिकारका विषयहरू,

(ख) सम्बन्धित तहको सरकारको कार्यविभाजन नियमावली र स्थानीय तहको हकमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोकेको कार्यजिम्मेवारी,

(ग) नेपाल सरकारबाट स्वीकृत कार्यविस्तृतीकरण प्रतिवेदन,

चन्द्रकला पौडेल
सचिव

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

(घ) नेपाल पक्ष भएका सन्धि, सम्झौता, समझदारी र अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा अनुबन्धहरु,

(ङ) सम्बन्धित तह र सोभन्दा माथिल्लो तहका सरकारका समष्टिगत एवं क्षेत्रगत दीर्घकालीन नीति, रणनीति, योजना तथा लक्ष्यहरू र नियमित एवं आवधिक कार्यक्रमहरु,

(च) नयाँ संरचना प्रस्ताव गर्नुपर्ने अवस्थामा कार्यविश्लेषणका आधारमा निर्धारित कार्यविवरण र कार्यविशिष्टिकरण तथा कार्यमूल्यांकनबाट आवश्यक देखिने संगठन संरचना तथा दरबन्दी, सेवा, समूह एवं उपसमूह अनुरुपको पदसोपान र दरबन्दी अनुपात,

(छ) कार्यसम्पादनमा सूचना प्रविधिको उपयोगको सम्भावना र सोबाट जनशक्तिमा गर्न सकिने कटौती,

(ज) साविकको संरचनामा खारेजी वा परिवर्तन गर्नुपर्ने भएमा मौजुदा जनशक्ति र सम्पत्तिको व्यवस्थापनको उपाय,

(झ) संगठन संरचना तथा दरबन्दी थप गर्दा पर्ने वित्तीय दायित्व र सोको व्यवस्थापनको उपाय,

(ञ) प्रस्तावित सेवा, समूह, उपसमूह तथा पदनाम प्रचलित ऐन, नियम बमोजिम रहे नरहेको विषय।

(२) नेपाल सरकारको समग्र संगठन संरचना तथा दरबन्दी सञ्चालनको अधिकतम लागत संघीय सरकारको विगत तीन वर्षको औषत कूल वार्षिक बजेटको १५ प्रतिशतभन्दा बढी हुनेछैन।

(३) प्रदेशको समग्र संगठन संरचना र दरबन्दी सञ्चालनको अधिकतम लागत प्रदेश सरकारको विगत तीन वर्षको औषत कूल वार्षिक बजेटको १० प्रतिशतभन्दा बढी हुनेछैन।

(४) गाउँपालिका र नगरपालिका (वडा कार्यालय समेत) को संगठन संरचना तथा दरबन्दी सञ्चालनको अधिकतम लागत वि.सं. २०७५/९/९ मा नेपाल सरकार, मन्त्रिपरषद्बाट स्वीकृत गरी पठाएको संगठन संरचना तथा दरबन्दीको सञ्चालन लागतमा यो



नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

चन्द्रकला पौडेल
सचिव

मापदण्ड लागू भएपछि एक पटकका लागि अधिकतम १० प्रतिशतभन्दा नबढ्ने गरी आवश्यकता र औचित्यका आधारमा पुनरावलोकन गर्न सकिनेछ।

(५) उपदफा (४) बमोजिम पुनरावलोकन गरी कायम भएको स्थानीय तहको संगठन संरचना तथा दरबन्दी समेत नियमित रुपमा गर्नुपर्ने सेवा प्रवाहका लागि प्रयाप्त नभएकोले तत्कालै सो मा वृद्धि नगरी नहुने तथ्यपरक आधार देखिएमा सोही सर्वेक्षणका क्रममा एकपटकका लागि यसरी वृद्धि गरिने संगठन संरचना र दरबन्दीको सञ्चालन लागतमा हुने वृद्धि प्रतिशत सम्बन्धित स्थानीय तहको विगत तीन वर्षको वार्षिक राजस्व संकलनमा भएको औसत वृद्धि प्रतिशतको अधिकतम एक तिहाइभन्दा बढी नहुने गरी वृद्धि गर्न सकिनेछ।

तर स्थानीय तह मातहत सञ्चालन हुने स्वास्थ्य संस्थाको संगठन संरचना र दरबन्दी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तोकेको मापदण्डभित्र रही स्वीकृत गर्न बाधा पर्नेछैन।

(६) संघ, प्रदेश र स्थानीय तहले हाल कायम रहेको संगठन संरचना र दरबन्दीलाई यस दफा बमोजिमका आधार र सञ्चालन लागतको सीमा अनुरुप समायोजन गर्न यो मापदण्ड जारी भएको साठी दिनभित्र प्रचलित कानून बमोजिम सम्बन्धित तहले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी आफ्नो समग्र संगठन संरचना र दरबन्दीमा आवश्यक पुनरावलोकन गर्नुपर्नेछ।

(७) उपदफा (६) बमोजिम गरिएको पुनरावलोकनबाट संगठन संरचना र दरबन्दी कटौती हुँदा त्यस्तो दरबन्दीमा कार्यरत स्थायी कर्मचारीहरुको सम्बन्धित तहमा पुल दरबन्दी कायम गरी त्यसपछि रिक्त हुने पदमा क्रमशः मिलान गर्दै जानुपर्नेछ। यसरी दरबन्दी मिलानको प्रक्रिया पूरा नभएसम्म सम्बन्धित पदमा नयाँ पदपूर्ति गरिनेछैन।

(८) कुनै निकायको एकपटक सर्वेक्षण गरी संगठन संरचना तथा दरबन्दी निर्धारण गरेपश्चात तीन वर्षसम्म पुनः सर्वेक्षण गर्न पाइनेछैन।

तर विशेष अवस्थामा वा विशिष्ट प्रकृतिको अतिरिक्त जिम्मेवारी सम्पादन गर्नुपर्ने अवस्थामा वा समग्र प्रशासनिक पुनःसंरचना गर्ने नीतिगत निर्णय भएको अवस्थामा सो अनुरुप संगठन संरचना तथा दरबन्दी परिवर्तन हुने गरी सर्वेक्षण गर्न यस उपदफाको व्यवस्थाले बाधा पर्नेछैन।

चन्द्रकला पौडेल
सचिव

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

(९) उपदफा (६) बमोजिम संगठन संरचना तथा दरबन्दी पुनरावलोकन गरेपछि थप संगठन संरचना तथा दरबन्दी सिर्जना गर्दा सोको कारण सञ्चालन खर्चमा हुने वृद्धि प्रतिशत सम्बन्धित तहको सरकारको विगत तीन वर्षको राजस्वको औसत वृद्धि प्रतिशतको एक तिहाइभन्दा बढी नहुने गरी गर्नुपर्नेछ।

(१०) यस मापदण्ड बमोजिम संगठन संरचना र दरबन्दीको सञ्चालन लागतको गणना अनुसूची ५ बमोजिमको ढाँचामा गरिने वित्तीय विश्लेषणका आधारमा गर्नुपर्नेछ।

(११) कुनै पनि संगठनमा सबै सेवा, समूह तथा उपसमूहमा देहायको तहका सुपरीवेक्षक र मातहतका कर्मचारीबीचको दरबन्दी अनुपात सामान्यतया देहाय बमोजिम हुनुपर्नेछः

(क) राजपत्राङ्कित द्वितीय श्रेणी वा अधिकृत नवौं/दशौं तह र राजपत्राङ्कित तृतीय श्रेणी वा अधिकृत छैटौं/सातौं/आठौं तह बीच १:२.५

(ख) राजपत्राङ्कित प्रथम श्रेणी वा अधिकृत एघारौं/बाह्रौं तह र राजपत्राङ्कित द्वितीय श्रेणी वा अधिकृत नवौं/दशौं तह बीच १:३

तर सामान्यतया समग्र दरबन्दी अनुपात खण्ड (क) को हकमा १:३ र खण्ड (ख) को हकमा १:३.५ भन्दा भिन्न नहुने गरी सेवा प्रवाह तह र नीति निर्माण तहका निकाय/कार्यालयमा आवश्यकता अनुसार फरक फरक दरबन्दी अनुपात कायम गर्न बाधा पर्नेछैन।

(ग) राजपत्राङ्कित विशिष्ट श्रेणी वा अधिकृत तेह्रौं तह र राजपत्राङ्कित प्रथम श्रेणी वा अधिकृत एघारौं/बाह्रौं तह बीच १:५

तर बृहत कार्यक्षेत्र र कार्यबोझ भएका निकायमा र विभाग तथा विभागस्तरका कार्यालय/निर्देशनालय, जिल्लास्तरका कार्यालय वा डिभिजन तथा अन्य कार्यालय र विदेशस्थित कूटनीतिक नियोगमा राजपत्राङ्कित प्रथम श्रेणी वा अधिकृत एघारौं/बाह्रौं तहको कर्मचारी खटाउनु पर्ने सेवाहरुको हकमा राजपत्राङ्कित विशिष्ट श्रेणी वा अधिकृत तेह्रौं तह र राजपत्राङ्कित प्रथम श्रेणी वा



नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

चन्द्रकला पौडेल
सचिव

अधिकृत एघारौं/बाह्रौं तहका बीचमा कार्य विश्लेषणबाट आवश्यकता र औचित्य पुष्टि भएको अवस्थामा मन्त्रालयको सहमतिमा यस खण्डमा तोकिएभन्दा फरक दरबन्दी अनुपात कायम गर्न बाधा पर्नेछैन।

(१२) संघीय र प्रदेश सरकारका मन्त्रालय, विभाग, निर्देशनालय, सचिवालय, आयोग जस्ता केन्द्रीय स्तरका निकायमा सहायकस्तर (राजपत्र अनङ्कित द्वितीय/प्रथम वा चौथो/पाचौं तह) का कर्मचारीको दरबन्दी कूल स्थायी दरबन्दीको दश प्रतिशत भन्दा बढी हुनेछैन।

(१३) कुनै पनि निकायमा कार्यालय सहयोगी र कूल स्थायी जनशक्तिको अनुपात अधिकतम १:७ भन्दा बढी हुनेछैन। राजनीतिक पदाधिकारी र राजनीतिक नियुक्तिका अधिकारीहरुको सचिवालय र अस्थायी प्रकृतिका संरचनामा समेत यही अनुपातको पालना गर्नुपर्नेछ।

(१४) वडा कार्यालय र विशिष्टिकृत प्राविधिक प्रकृतिका (प्रयोगशाला, अनुसन्धान केन्द्र, प्रशिक्षण/तालिम केन्द्र जस्ता) निकायमा कार्यविश्लेषणबाट आवश्यकता र औचित्य पुष्टि भएको अवस्थामा मन्त्रालयको सहमतिमा यस दफाले तोकेभन्दा फरक दरबन्दी अनुपात कायम हुने गरी संगठन संरचना र दरबन्दी निर्धारण गर्न सकिनेछ।

(१५) सेवा भित्रका समूह र उपसमूहहरूमा सम्भव भएसम्म वृत्ति विकासमा समानता कायम हुने गरी दरबन्दी अनुपात निर्धारण गर्नुपर्नेछ।

११. <u>सर्वेक्षण गर्दा ध्यान दिनुपर्ने विषय:</u> (१) संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा देहायका विषयहरूमा ध्यान दिनुपर्नेछ:

(क) संघको एकल अधिकार क्षेत्रभित्रका विषय र स्थानीय तह वा प्रदेशबाट सम्पादन गर्न सम्भव नहुने विषयका कार्यका लागि मात्र संघीय संरचना राख्ने। प्रदेश र स्थानीय तहले कार्यान्वयन गर्न सक्ने विषयमा संघले र स्थानीय तहले कार्यान्वयन गर्न सक्ने विषयमा प्रदेशले छुट्टै विषयगत कार्यालय स्थापना नगर्ने।

चन्द्रकला पौडेल
सचिव

(ख) लागत, दिगोपना वा सेवा प्रवाहमा प्रभावकारिताका दृष्टिले कुनै विषयको कार्यान्वयन प्रदेशबाट गर्दा उपयुक्त हुने भएमा सोका लागि संघमा र स्थानीय तहबाट गर्दा उपयुक्त हुने भएमा सोका लागि संघ र प्रदेशमा संरचना नराख्ने।

(ग) कुनै निकायको संगठन संरचना वा दरबन्दी सिर्जना गर्दा अन्य तह वा निकायसँग दोहोरो नपर्ने गरी गर्ने।

(घ) एउटै विषयमा काम गर्न छुट्टाछुट्टै विभाग र समितिहरू नराख्ने। नियमन सम्बन्धी कार्य वा प्रत्यक्ष सेवा प्रवाह गर्ने प्रयोजनको लागि मात्र विभाग वा विभागस्तरका केन्द्रीय कार्यालय राख्ने।

(ङ) अनुगमन, समन्वय, सहजीकरण र मूल्यांकन कार्यको लागि विभाग वा विभागस्तरका केन्द्रीय कार्यालय नराख्ने।

(च) डिभिजन वा जिल्ला तहमा कार्यालय स्थापना गर्दा सम्बन्धित जिल्लामा एक भन्दा बढी कार्यालय रहने अवस्थामा एकद्वार सेवा प्रवाह हुने गरी एकीकृत कार्यालय स्थापना गर्ने।

(छ) जनसंख्या र भौगोलिक अवस्था अनुसार कार्यचाप न्यून भएका विषयक्षेत्रहरूमा भिन्दै विषयगत कार्यालय नराखी एकीकृत रूपमा सेवा प्रवाह गर्ने गरी कार्यालय स्थापना गर्ने।

(ज) सेवाको न्यूनतम मापदण्ड, सेवा पुर्‍याउनु पर्ने भूगोल वा क्षेत्रफल र जनसंख्या, अन्तर सरकार सहकार्यको सम्भावना लगायतका विषयहरूलाई समेत ध्यान दिने।

(झ) प्रत्येक स्थानीय तहबाट अलग अलग रूपमा सेवा प्रवाह गर्न सम्भव नहुने विशेषज्ञ तथा रिफरल सेवाको हकमा प्रदेश तहबाट सेवा प्रवाह हुने विषयमा प्रादेशिक संरचनाबाट सेवा प्रवाह गर्ने गरी संरचना र दरबन्दीको व्यवस्था गर्न सकिनेछ।

चन्द्रकला पौडेल
सचिव

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद-चार
## मूल्याङ्कन

१२. <u>मूल्याङ्कन समितिको गठनः</u> (१) सम्बन्धित निकायबाट प्राप्त सर्वेक्षण प्रतिवेदन बमोजिमको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृतिका लागि प्रस्ताव पेश गर्नु पूर्व सो को मूल्यांकन गर्न देहाय बमोजिमका समितिहरू रहनेछन्ः

**अ. संघमा**

| | |
|---|---|
| (क) सहसचिव, संगठन विकास शाखा हेर्ने, मन्त्रालय | संयोजक |
| (ख) उपसचिव, प्रशासन शाखा, सम्बन्धित मन्त्रालय/सचिवालय/आयोग | सदस्य |
| (ग) शाखा प्रमुख, संगठन विकास शाखा, मन्त्रालय | सदस्य |
| (घ) शाखा अधिकृत, संगठन विकास शाखा, मन्त्रालय | सदस्य सचिव |

**आ. प्रदेशमा**

| | |
|---|---|
| (क) प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संयोजक |
| (ख) महाशाखा प्रमुख, प्रशासन महाशाखा, सम्बन्धित मन्त्रालय/आयोग/सचिवालय | सदस्य |
| (ग) महाशाखा प्रमुख, कर्मचारी प्रशासन, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| (घ) शाखा प्रमुख, कर्मचारी प्रशासन, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य सचिव |

(२) स्थानीय तहले तयार पारेको सर्वेक्षण प्रतिवेदन बमोजिमको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृतिका लागि सभामा पेश गर्नुपूर्व मूल्यांकनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको मूल्यांकन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा देहाय बमोजिमको समिति रहनेछ।

चन्द्रकला पौडेल
सचिव

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

(क) प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित स्थानीय तह सदस्य

(ग) नवौं/दशौं तहको अधिकृत, आर्थिक मामिला हेर्ने मन्त्रालय सम्बन्धित प्रदेश सदस्य

(घ) प्रमुख वा निजले तोकेको अधिकृत, प्रदेश किताबखाना सदस्य

(ङ) शाखा प्रमुख, कर्मचारी प्रशासन, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सदस्यसचिव

(४) उपदफा (३) बमोजिम प्राप्त प्रस्तावित संगठन संरचना तथा दरबन्दी तेरिजको मूल्यांकन १५ दिन भित्र सम्पन्न गरी यस मापदण्ड बमोजिमको आधार र प्रक्रिया पूरा भएको पाइएमा स्वीकृतिका लागि र कुनै सुझाव भएमा सो समेतलाई समावेश गरी पुनरावलोकनका लागि सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम पुनरावलोकनका लागि पठाइएकोमा सम्बन्धित स्थानीय तहले समितिले दिएका सबै सुझाव समावेश गरेमा समितिमा मूल्यांकनका लागि पुनः पेश गरिरहन पर्ने छैन।

## परिच्छेद-पाँच
## संगठन र पद दर्ता

१३. <u>सङ्घीय तहमा संगठन तथा पद दर्ता:</u> (१) नेपाल सरकारका सबै निकायको संगठन संरचना र दरबन्दी तेरिज बमोजिमको संगठन तथा पद अनुसूची ६ बमोजिमको ढाँचामा किताबखानामा दर्ता गर्नु पर्नेछ। हाल दर्ता हुन बाँकी सबै निकायको संगठन दर्ता यो मापदण्ड लागू भएको ३ महिनाभित्र गरिसक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम संगठन दर्ता गर्दा राष्ट्रिय किताबखानाले मन्त्रालयगत बजेट व्यवस्थापन सूचना प्रणाली (LMBIS) सँग सामन्जस्य हुने गरी कार्यालय कोड नम्बर कायम गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम राष्ट्रिय किताबखानामा संगठन तथा पद दर्ता गर्न पठाउँदा सम्बन्धित निकायले देहायका कागजात संलग्न राखी पठाउनु पर्नेछ;

चन्द्रकला पौडेल
सचिव

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

(क) नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयको प्रतिलिपि,

(ख) स्वीकृत संगठन संरचना र दरबन्दी तेरिजको अनुसूचीको प्रति,

(ग) संगठन तथा पद दर्ता फारमको प्रमाणित प्रति,

(घ) मन्त्रालयको सिफारिस पत्र।

१४. <u>प्रदेश र स्थानीय तहमा संगठन तथा पद दर्ता:</u> (१) प्रदेश सरकार र स्थानीय तहका सबै निकायको संगठन संरचना र दरबन्दी तेरिज बमोजिमको संगठन तथा पद अनुसूची ६ बमोजिमको ढाँचामा किताबखानामा दर्ता गर्नु पर्नेछ। हाल दर्ता हुन बाँकी सबै निकायको संगठन दर्ता यो मापदण्ड लागू भएको ३ महिनाभित्र गरिसक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम संगठन दर्ता गर्दा किताबखानाले प्रदेश र स्थानीय तहका संगठनको कार्यालय कोड नम्बर सिर्जना गरी अभिलेख राख्ने व्यवस्था गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रदेशको निकायको संगठन तथा पद दर्ता गर्न किताबखानामा पठाउँदा प्रदेशको सम्बन्धित निकायले देहायका कागजात संलग्न राखी पठाउनु पर्नेछ–

(क) प्रदेश सरकार मन्त्रिपरिषदको निर्णयको प्रतिलिपी,

(ख) स्वीकृत संगठन संरचना र दरबन्दी तेरिजको स्वीकृत अनुसूचीको प्रति,

(ग) संगठन र पद दर्ता फारमको प्रमाणित प्रति,

(घ) मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको सिफारिस पत्र।

(४) उपदफा (१) बमोजिम स्थानीय तहको संगठन तथा पद दर्ता गर्न प्रदेश किताबखानामा पठाउँदा सम्बन्धित स्थानीय तहले देहायका कागजात संलग्न राखी पठाउनु पर्नेछ–

(क) सभाको निर्णयको प्रतिलिपी,

(ख) स्वीकृत संगठन संरचना एवं दरबन्दी तेरिजको अनुसूचीको प्रति,

(ग) संगठन र पद दर्ता फारमको प्रमाणित प्रति,

(घ) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सिफारिस पत्र।

(५) स्थानीय तहको पद दर्ता गरेपछि किताबखानाले सो को जानकारी सम्बन्धित स्थानीय तह, प्रदेश मन्त्रालय र मन्त्रालयमा पठाउनु पर्नेछ।

चन्द्रकला पौडेल
सचिव

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद-छ
## विविध

१५. **समन्वय तथा सहजीकरण गर्ने:** यस मापदण्डको कार्यान्वयनका लागि मन्त्रालयले आवश्यक समन्वय तथा सहजीकरण गर्नेछ।

१६. **सूचना प्रविधिमा आधारित प्रणाली सञ्चालनमा ल्याउन सक्ने:** (१) यस मापदण्ड बमोजिमको संगठन तथा पद दर्ता गर्ने प्रयोजनको लागि सूचना प्रविधिमा आधारित प्रणाली सञ्चालनमा ल्याउन सकिनेछ।

(२) प्रदेश सरकारले उपदफा (१) बमोजिमको प्रणाली सञ्चालमा ल्याउँदा सङ्घीय सरकारको प्रणालीसँग सूचना आदानप्रदान गर्न मिल्ने गरी गर्नुपर्नेछ।

१७. **अनुसूचीमा संशोधन र हेरफेर:** मन्त्रालयले यस मापदण्डमा रहेका अनुसूचीमा आवश्यकता अनुसार संशोधन, थपघट तथा हेरफेर गर्न सक्नेछ।

१८. **बाधा अड्काउ फुकाऊ:** यस मापदण्ड कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

१९. **खारेजी र बचाऊ:** (१) संगठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका, २०६६ खारेज गरिएको छ र यस निर्देशिका बमोजिम भए गरेका काम कारवाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।

(२) यस मापदण्ड लागू हुनुपूर्व प्रदेश र स्थानीय तहमा संगठन तथा व्यवस्थापन सर्वेक्षणका सम्बन्धमा सम्बन्धित तहको कानून बमोजिम भए गरेका काम कारबाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।

चन्द्रकला पौडेल
सचिव

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-१

## दफा ३ को उपदफा (२) सँग सम्बन्धित

## कार्यबोझ तथा कार्यसम्पादन विश्लेषण

| क्र.सं | मुख्य कार्य | विगत ३ वर्षमा हासिल भएको उपलब्धि | आगामी दिनमा गरिने कार्य | कार्य प्रकृति (पूर्वाधार विकास/नीत निर्माण/सेवा प्रवाह लगायत) | एक हप्ताको कार्य अवधि (घण्टामा) | श्रेणी/तहगत जनशक्ति प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

चन्द्रकला पौडेल
सचिव

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

# अनुसूची-२

## दफा ८ को उपदफा १(ग) सँग सम्बन्धित

## महाशाखा/शाखा/इकाइ/फाँटको कार्यविवरण

| सि.नं. | काम |
|---|---|
| १ | |
| २ | |
| ३ | |
| ४ | |
| ५ | |
| ६ | |
| ७ | |

चन्द्रकला पौडेल
सचिव

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

# अनुसूची-३

## दफा ८ को उपदफा १(घ) सँग सम्बन्धित

## पद अनुसारको कार्यविवरण

| | |
|---|---|
| नेपाल सरकार/...प्रदेश सरकार/...कार्यपालिकाको कार्यालय<br>कार्य विवरण फारम | पद संकेत:<br>सेवाः<br>श्रेणी:<br>समूह/उपसमूहः |
| १. पदको नाम:<br>स्थायी/अस्थायी<br>२. तलब (मासिक):<br>३. काम गर्ने समय: | ..............मन्त्रालय<br>.................विभाग<br>.................कार्यालय<br>..............शाखा.....फाँट<br>पूरा ठेगाना: |

| क्र.स. | काम | अधिकार | उत्तरदायित्व | कार्यसम्पादन सुचकाङ्क | सुचकाङ्कको आधार (स्रोत) |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

| कर्तव्य | |
|---|---|
| १ | |
| २ | |
| ३ | |

आवश्यक योग्यताः

| | |
|---|---|
| मेरो पद संग सम्वन्धित उपर्युक्त काम कर्तव्य र उत्तरदायित्व तथा अधिकार को विवरण पूर्ण एंव ठिक साँचो हो। कर्मचारीको दस्तखत<br>..........................<br>कर्मचारीको दस्तखत<br>मितिः | यस पदसंग सम्बन्धित उपर्युक्त काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकारको विवरण पूर्ण एंव ठिक साँचो हो ।<br>...........................<br>नामः ( निकटतम अधिकारीको दस्तखत)<br>मितिः<br>...........................<br>नामः ( (कार्यालय प्रमुखको दस्तखत)<br>मितिः |

चन्द्रकला पौडेल
सचिव

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-४

## दफा ८ को उपदफा १(च) सँग सम्बन्धित

## संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनको ढाँचा

भाग-१

१.१ अध्ययनको पृष्ठभुमी

१.२ अध्ययन समितिको परिचय

१.३ अध्ययनको उद्देश्य

१.४ अध्ययनको विधि

१.५ अध्ययनको सीमा

१.६ सन्दर्भ सामग्री

भाग-२

२.१ विद्यमान सांगठनिक ढाँचा

२.२ विद्यमान दरबन्दी तेरिज

२.३ उपलब्ध मानवस्रोतको विश्लेषण

२.४ विद्यमान संरचना र दरबन्दी सम्बन्धमा देखिएका समस्याहरू

भाग-३

३.१ कार्यप्रकृतिको विश्लेषण

३.२ कार्यबोझको विश्लेषण

३.३ मानवस्रोतको आंकलन

चन्द्रकला पौडेल
सचिव

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

३.४ संगठन संरचना र दरबन्दी परिवर्तनको औचित्य

भाग-४

४.१ प्रस्तावित सांगठनिक ढाँचाको व्याख्या

४.२ प्रस्तावित दरबन्दी तेरिजको व्याख्या

४.३ वित्तीय विश्लेषण

४.४ कार्यविवरण

भाग-५

५.१ निश्कर्ष तथा सुझाव

<u>अनुसूचीहरू</u>

अनुसूची १ प्रस्तावित संगठन संरचना

अनुसूची २ प्रस्तावित दरबन्दी तेरिज

अनुसूची ३ संगठन संरचना तथा दरबन्दी सञ्चालनको लागत विश्लेषण (वित्तीय विश्लेषण)

अनुसूची ४ कार्यबोझ तथा कार्यसम्पादनको विश्लेषण

अनुसूची ५ महाशाखा/शाखा/इकाइ/फाँटहरूको कार्यविवरण

अनुसूची ६ पद अनुसारको कार्यविवरण

चन्द्रकला पौडेल
सचिव

## अनुसूची- ५

## दफा १० को उपदफा (१०) सँग सम्बन्धित

## संगठन संरचना तथा दरबन्दी सञ्चालनको लागत विश्लेषण (वित्तीय विश्लेषण)

### (क) कर्मचारीको लागत

| सि .नं | पद | श्रेणी | सेवा/ समूह | | मासिक | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | मौजुदा जम्मा दरबन्दी | शुरु तलब स्केल | ग्रेड सङ्ख्या | ग्रेड दर | कूल ग्रेड | क.सं कोष थप | बीमा थप | महंगी भत्ता | मासिक जम्मा | पोशाक भत्ता वार्षिक | चाडपर्व खर्च वार्षिक | जम्मा दरबन्दी को मासिक | महिना | चाडपर्व र पोसाक | वार्षिक कूल जम्मा दायित्व | प्रस्तावित दरबन्दी | थप/ घट | प्रस्तावित दरबन्दीको दायित्व जम्मा | फरक |
| | | | | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 | 13 | 14 | 14 | 15 | 16 | 17 | 18 |
| | | | | | | | | 3x4 | (2+5) x10% | | | 2+5+6 +7+8 | | 2+5 | 1 x 9 | | (10+11 )*1 | (12x13) + 14 | | 15 - 1 | ((9*13)+(10+ 11))x15 | 17-14 |
| १ | | | | | | १ | | | | | | | | | | १२ | | | | | | |
| २ | | | | | | १ | | | | | | | | | | १२ | | | | | | |
| ३ | | | | | | १ | | | | | | | | | | १२ | | | | | | |

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

चन्द्रकला पौडेल
सचिव

## (ख) राजनीतिक पदाधिकारीको लागत

| | राजनीतिक नेतृत्व सँग सम्बन्धित खर्च | | | | | | | | हालको कुल | सर्वेक्षणपछि कार्यालय थप/घट भई हुने कुल खर्च | फरक |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | खर्च शिर्षक | राजनीतिक नेतृत्व | सल्लाहकार | | | कर्मचारी | | | | | |
| | | | १ | २ | ३ | १ | २ | ३ | | | |
| राजनीतिक पदाधिकारी र निजको सहयोगका लागि कानून बमोजिम नियुक्त हुने सल्लाहकार र कर्मचारीको तलब भत्ता पारिश्रमिक तथा सुविधा | तलब भत्ता/पारिश्रमिक | | | | | | | | | | |
| | सवारी साधन | | | | | | | | | | |
| | मर्मत खर्च | | | | | | | | | | |
| | ईन्धन | | | | | | | | | | |
| | सञ्चार | | | | | | | | | | |
| | बैठक भत्ता | | | | | | | | | | |
| | आवास | | | | | | | | | | |
| | अतिथि सत्कार | | | | | | | | | | |
| | अन्य | | | | | | | | | | |
| | कुल जम्मा | | | | | | | | | | |

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाण्डौ

चन्द्रकला पौडेल
सचिव

## (ग) कार्यालय सञ्चालनको लागत

| कार्यालय सञ्चालन सँग सम्बन्धित खर्च | | | | |
|---|---|---|---|---|
| क्र.सं. | खर्च शिर्षक | हाल भइरहेको खर्च | सर्वेक्षणपछिको अनुमानित खर्च | फरक |
| १ | मसलन्द एवं कार्यालय सञ्चालन खर्च | | | |
| २ | ईन्धन (सवारी तथा अन्य) | | | |
| ३ | मर्मत सम्भार | | | |
| ४ | फर्निचर | | | |
| ५ | विधुतिय सामाग्री | | | |
| ६ | सूचना प्रविधि सम्बन्धी | | | |
| ७ | सवारी साधन | | | |
| ८ | बीमा तथा नविकरण खर्च | | | |
| ९ | पानी तथा बिजुली | | | |
| १० | सञ्चार महशुल | | | |
| ११ | प्रकाशन, छपाई तथा पत्रपत्रिका | | | |
| १२ | बैठक खर्च | | | |
| १३ | भ्रमण खर्च | | | |
| १४ | विविध खर्च | | | |
| १५ | भाडा (कार्यालय भवन, सवारी साधन) | | | |
| १६ | सुरक्षा, सरसफाइ जस्ता सेवाको सेवा परामर्श | | | |
| कूल | | | | |

चन्द्रकला पौडेल
सचिव

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

**(घ) संगठन संरचना तथा दरबन्दी सञ्चालनको कूल लागत (क+ख+ग)**

| हालको कूल लागत | सर्वेक्षणपछिको अनुमानित लागत | फरक |
|---|---|---|
| | | |

चन्द्रकला पौडेल
सचिव

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

# अनुसूची-६

## दफा १३ को उपदफा (१) र दफा १४ को उपदफा (१) सँग सम्बन्धित

## संगठन तथा पद दर्ता

### संगठन तथा पद दर्ता फारम

| कार्यालय तथा दरबन्दी विवरण सम्बन्धी ढाँचा | |
|---|---|
| १(क) कार्यालय सम्बन्धी विवरण | |
| कार्यालयको नामः (नेपालीमा) | जिल्लाः |
| कार्यालयको नामः (अंग्रेजीमा) | ठेगानाः |
| मन्त्रालय/केन्द्रीय निकायः | वडा नं. |
| निकटतम माथिल्लो निकायः | स्थानः |
| कार्यालयको स्तरः संघ/प्रदेश/स्थानीय | फोन नं. |
| सुरु पद सृजना भएको मितिः | इमेलः |
| पछिल्लो अद्यावधिक मितिः | वेबसाइटः |

### १(ख) कार्यालयको दरवन्दी तेरिजः

| सि.नं | पदको नाम | श्रेणी तह | सेवा | समूह | उपसमूह | साविक | थप | घट | खुद कायम | पद संकेत नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

### २. कार्यालय कोड नं. (किताबखानाले प्रदान गर्ने)

| पद दर्ता हुने निकायका तर्फबाट<br>उपरोक्त निर्णय संलग्न राखी माथि उल्लिखित पद दर्ता गरी जानकारी दिनुहुन अनुरोध छ। | किताबखानाका तर्फबाट<br>माथि उल्लिखित पद विद्युतीय माध्यमबाट समेत दरबन्दी व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी कार्यालय कोड नं............ मा पद दर्ता गरिएको व्यहोरा प्रमाणित गरिएको छ। |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नाभः |
| पदः | पदः |
| कार्यालयः | प्रमाणित गर्ने अधिकृतः |

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

चन्द्रकला पौडेल
सचिव

## अनुसूची-७

## दरबन्दी तेरिजको ढाँचा

## अनुसूची-४ बमोजिमको प्रतिवेदनसँग सम्बन्धित

नेपाल सरकार/...प्रदेश सरकार/...कार्यपालिकाको कार्यालय

मन्त्रालय/सचिवालय/आयोग/स्थानीय तह

मातहतको निकाय

....को प्रस्तावित दरबन्दी तेरिज

| सि. नं | पद | श्रेणी/तह | सेवा | समूह/उपसमूह | मौजुदा दरबन्दी | थप | घट | प्रस्तावित दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| कूल | | | | | | | | | |

चन्द्रकला पौडेल
सचिव

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाण्डौ

# अनुसूची-८

## संगठन संरचनाको ढाँचा


## अनुसूची-४ बमोजिमको प्रतिवेदनसँग सम्बन्धित

नेपाल सरकार/...प्रदेश सरकार/...कार्यपालिकाको कार्यालय

मन्त्रालय/सचिवालय/आयोग/स्थानीय तह

मातहतको निकाय

....को प्रस्तावित संगठन संरचना






नेपाल सरकार महिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं

चन्द्रकला पौडेल
सचिव